नेपाल सरकार
गृह मन्त्रालय

**२०७४ साल भाद्र १ गते बसेको विभिन्न विषयगत क्षेत्रको नेतृत्व र सह-नेतृत्वदायी निकायको बैठकका निर्णयहरु:-**

१. निर्धारित विषय क्षेत्रगत निकायहरुले गरिसकेका र गरिरहेका राहत वितरणका कार्यहरुमाथी छलफल गरियो । उक्त सन्दर्भमा भई रहेका गतिविधीहरुको विश्लेषण गर्दै राहत वितरणको कार्यलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

२. विपद् लेखाजोखा मार्गदर्शन (Disaster Assessment Guideline) मा व्यवस्था भए बमोजिम विषय-क्षेत्रगत विस्तृत लेखाजोखा (Cluster Specific Detailed Assessment - CSDA) का बारेमा बैठकमा छलफल भयो । मार्गदर्शनमा उल्लेखित (CSDA) अनुसूची ३ अन्तर्गतका विवरणहरुका बारेमा Cluster Lead ले Co-lead सहित बैठक गरी आगामी विषयगत क्षेत्रको बैठकमा छलफल गरी अगाडी बढ्ने निर्णय गरियो ।

३. विषयगत नेतृत्व लिने निकायहरुबाट बाढी प्रभावित जिल्लाहरुमा वितरण गरिएका राहत सामाग्रीहरुको विवरण र विषयगत क्षेत्रमा नेतृत्वदायी निकायहरुले आफ्नो निकाय अन्तर्गतका विषयमा भएको Damage and Loss Assessment को Data अध्यावधिक गरी प्रत्येक दिन दिउसो ०२.०० बजे भित्र गृह मन्त्रालय, राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) को e-mail address:- neoc@moha.gov.np मा उपलब्ध गराउने निर्णय गरियो ।

४. विषयगत क्षेत्रको सह-नेतृत्व लिने निकायहरुले (Humanitarian Country Team-HCT) हालको बाढी, पहिरो तथा डुवान पिडितहरुलाई वितरण गरिरहेको जिल्लागत तथा स्थलगत राहतको विवरण संयुक्त राष्ट्रसंघीय मानवीय संयोजनको कार्यलयले (UNRCO) संकलन गरी एकिकृत रुपमा प्रत्येक दिन दिउसो ०२.०० बजे भित्र गृह मन्त्रालय, राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्रमा (NEOC) को e-mail address:- neoc@moha.gov.np मा उपलब्ध गराउने निर्णय गरियो ।